

# यू.एम.एन. वार्षिक प्रतिवेदन, रुकुम पूर्व २०७८/२०७९

यूनाईटेड मिसन टु नेपाल

UMN

रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन




**शिव प्रशाद अधिकारी**
क्लष्टर टीम लिडर
रुकुम पूर्व क्लष्टर

रुकुम पूर्व लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला हो । यसको क्षेत्रफल ११८१.७ वर्ग कि.मी. रहेको छ । ३ वटा गाउँपालिका मात्र रहेको रुकुम पूर्व नेपालकै कान्छो र ७७ औं जिल्ला हो । २०७८ को जनगणनाको प्रारम्भिक प्रतिबेदन अनुसार जिल्लाको जम्मा जनसंख्या ५७ हजार ५ सय ४० रहेको छ जसमध्ये महिलाको संख्या २९ हजार ५ सय २० र पुरुषको संख्या २८ हजार २० रहेको छ। त्यस्तै जिल्लाको जम्मा घरधुरी संख्या ११ हजार ७ सय २, परिवार संख्या १३ हजार २ सय ६४ र औसत परिवारको आकार ४.३७ रहेको छ । जातिगत संरचना अनुसार मगर समुदायको बाहुल्यता रहेको यस जिल्लामा दलित र क्षेत्री तथा ठकुरीको क्रमशः दोश्रो र तेस्रो स्थान रहेको छ ।


रुकुम पूर्व क्लस्टरको रणनैतिक योजना तथा अन्तरिम रणनैतिक योजना अनुसार क्लष्टरले स्थानीय साझेदार संस्थाहरूमार्फत मातृभाषामा आधारित बहुभाषा शिक्षा परियोजना, दीगो वातावरण तथा आर्थिक विकास परियोजना, सामाजिक हानिकारक परम्परागत अभ्यास विरुद्धको सक्षम परियोजना, मानसिक स्वास्थ्य तथा जीविकोपार्जन परियोजनाहरू पुथाउत्तरगंगा र भूमे गाँउपालिकाहरूमा सञ्चालनमा रहेका छन् । त्यस्तै ३ वटै गाउँपालिकाहरूमा काम गर्ने गरी अपाङ्गता सहयोग तथा पुनर्स्थापना परियोजना पनि सञ्चालित छ । २०१९ को डिसेम्बर बाट २०२१ सम्म करिब २ बर्ष रहेको कोरोनाको महाव्याधीबाट अन्यत्र जस्तै रुकुम पूर्व पनि अत्यन्त प्रभावित रह्यो । कोरोनाको महाव्याधीबाट जोखिममा रहेका समुदाय तथा स्वास्थ्य संस्थाहरू र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरूलाई यस क्लस्टर मार्फत विभिन्न सहयोग पुऱ्याउने कार्य भएको थियो ।

रुकुम पूर्व




यस जिल्लाको विकासको लागि तय गरिएको संघ, प्रदेश तथा स्थानीय तहको योजना र लक्षित समुदायको आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्यका साथ यूनाइटेड मिसन टु नेपालले स्थानीय साझेदार संस्थाहरूको सहयोगमा सञ्चालन गरेका विभिन्न परियोजना तथा क्रियाकलापहरूलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने जिल्ला परियोजना सल्लाहकार समिति, स्थानीय प्रशासन, जिल्ला स्थित विषयगत कार्यालयहरू र स्थानीय सरकार र अन्य गैरसरकारी संघसंस्थाहरूलाई सहयोग तथा अमुल्य सुझाव तथा पृष्ठपोषणको लागि हार्दिक आभार व्यक्त गर्दछु ।

| कर्मचारीको नाम थर | पद |
|---|---|
| कृष्ण बहादुर बुढा | सवारी चालक |
| नबिन प्रसाद चौधरी | परियोजना व्यवस्थापक –स्वास्थ्य |
| निरज तामाङ | वित्त संयोजक |
| संगीता बि.क. | कार्यालय सहयोगी |
| सुरज सोनार | परियोजना व्यवस्थापक –दीगो बातावरण तथा आर्थिक विकास |
| सुरेश परियार | परियोजना अधिकृत –शुशासन तथा एकीकृत विकास |
| शिव प्रसाद अधिकारी | टिम लिडर |
| हेमन्त राई | परियोजना व्यवस्थापक –संरक्षण |



**दीगो वातावरण तथा आर्थिक विकास (सीड) परियोजना:** यस परियोजनाको अवधि जुलाई २०२० देखि जुलाई २०२५ सम्म रहेको छ । रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको १० वटा वार्डमा सञ्चालन भईरहेको यस परियोजनाको मुख्य उद्देश्य वातावरणीय स्रोतहरूको दीगो भविष्यका लागि सुरक्षित गर्दै व्यवसायिक कृषि र उद्यमशीलता विकास गरी समुदायहरूको आर्थिक वृद्धि गराउनु रहेको छ। परियोजनाले यस वर्ष जीविकोपार्जन सुधारका लागि थप ६ जनालाई सिलाई कटाइ, बाखापालन, सुधारिएको पानी घट्ट, होमस्टे, तरकारी खेति, पसल आदि सहयोग गर्नुका साथै यो वर्ष १३ वटा समूहहरूको अगुवाईमा टोलटोलका फोहोर व्यवस्थापनका लागि विभिन्न स्थानमा १६ वटा डोका राख्नुका साथै २० वटा खाल्डो निर्माण गरी कुहिने र नकुहिने फोहोर छट्टा छुट्टै व्यवस्थापन गर्न थालेका छन् । हालसम्म जम्मा १४३ विपन्न परिवारले परियोजना अन्तर्गत आयआर्जनका लागि सहयोग पाएका छन् । जस मध्ये ४७ जनाले हाल मासिक औसतमा रु ३,८९९ प्रतिव्यक्ति आम्दानी गरिरहेका छन् ।

**प्रत्येक बालबालिका तथा किशोरकिशोरीहरूको उत्तम जीवन प्राप्ति (सक्षम) परियोजना:** पुथाउत्तरगंगा गाउँपालिकाको ७ वटा वडामा सञ्चालित यस परियोजना २०१९ नोभेम्बरदेखि २०२२ डिसेम्बरसम्म सञ्चालनमा रहेता पनि परियोजनाको अर्को चरण पनि थप हुने र २०२५ को नोभेम्बरसम्म सञ्चालनमा रहने छ । यस परियोजनाले बालबिबाह अन्त्य गर्नुका साथै जकडिएर रहेको बालविवाहको कारण शिक्षा, प्रजनन् स्वास्थ्य, घर परिवारमा हुने आन्तरिक द्वन्द्व, पारिवारिक बिचलन लगायतका समस्याले बालबालिका तथा किशोरीहरूमा पर्ने नकारात्मक असरहरूको न्यूनीकरण गर्ने उद्देश्य राखेको छ । बालक्लब, किशोरी समूह र आमा समूह परिचालन गरी बालबालिकाको गुणस्तरीय शिक्षाको संबिधान प्रदत्त अधिकारको सुनिश्चितता गर्ने, किशोरी तथा आमाहरूको स्वास्थ्य तथा आयआर्जनमा सहयोग तथा आत्मसम्मानको रक्षाको लागि बाधक रहेको बालविवाह जस्तो हानिकारक परम्परालाई रोक्ने तथा बालबालिकाको व्यक्तित्व र नेतृत्व विकासको लागि बिविध क्रियाकलापहरू संचलान गर्दै आईरहेको छ । यस वर्ष परियोजनाले गाउँपालिकास्तरीय बालअधिकार संरक्षण समितिको गठन गरी बालअधिकार संरक्षण कार्यविधि निर्माण गरी लागू गर्नुका साथै सडक नाटकद्वारा समुदायका ५०० भन्दा बढी व्यक्तिहरू लाभान्वित भएका छन् । त्यस्तै ९ वटा बालबिबाहको घटना रोक्नुका साथै बिपन्न १७१ जना बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण बालबालिकाको संरक्षण तथा अति विपन्न तथा गरिब ३३ परिवारलाई बैकल्पिक आयआर्जन सहयोग गरिएको छ ।

**उपचारद्वारा अपाङ्गता पुनर्स्थापना परियोजना:** यो परियोजना रुकुम पूर्व जिल्लाको ३ वटै पालिकाहरूमा कार्यान्वयनमा रहेको र परियोजनाको अबधि २०२० को जनवरी देखि २०२४ डिसेम्बर सम्म रहेको छ। परियोजनाको मुख्य उद्देश्य स्थानीय साझेदार संस्थालाई अपाङ्गता मूलप्रवाहीकरणको क्षेत्रमा क्षमता विकास गर्नुका साथै अपाङ्गता भएका बालबालिकाहरूको मेडिकल उपचार प्रविधिद्वारा पुनर्स्थापना गर्नु रहेकोछ। परियोजनाले यस वर्ष अपाङ्गता भएका १९ जना बालबालिकाहरूको पुनर्स्थापना गरी दैनिक जीवनयापनमा सहयोग गर्नुका साथै ३ जना अपाङ्गता भएका व्यक्तिहरूको एकीकृत सहयोग मार्फत दैनिक जीवनस्तरमा टेवा पुऱ्याउनुका साथै आयआर्जनमा सहयोग पुऱ्याएको छ ।

**सामुदायिक रुपान्तरण परियोजना (प्रो-एक्ट):** सामुदायिक रुपान्तरण परियोजना (Pro-ACT) जनवरी २०२१ देखि डिसेम्बर २०२५ सम्मको लागि भूमे गाउँपालिकाका सबै वडाहरू र पुथाउत्तरगंगा गाउँपालिकाका चार वडाहरूमा सञ्चालन रहेको छ । यस परियोजनाले कार्य क्षेत्रका लक्षित समुदायहरूको सामाजिक-आर्थिक स्थितिमा सुधार गर्दै गरिबीमा रहेका जनतालाई लक्षित गरी स्वास्थ्य प्रणाली लगायत सार्वजनिक सेवाका संस्थाहरूलाई सुदृढ गर्दै जनताको 'स्वस्थ जीवन' सुनिश्चत गर्ने लक्ष्य राखेको छ। त्यस्तै गरिब समुदाय: विशेष गरी महिला, दलित र अपाङ्गता भएका व्यक्तिको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गरी उनीहरूलाई आफ्नो हक र नागरिक अधिकारको उपभोग गर्न सशक्त बनाउँदै सम्मानजनक रुपमा बाँच्न पाउँने अधिकार सुनिश्चत गर्ने यसको उद्देश्य रहेको छ । यस परियोजनामार्फत स्वास्थ्य संस्थाको वर्थिङ केन्द्रलाई सामग्री सहयोग, स्वास्थ्यकर्मीहरूलाई मनोवैज्ञानिक प्राथमिक उपचार सम्बन्धी तालिम, ९ जना स्वास्थ्यकर्मीलाई दक्ष प्रसुतिकर्मी (SBA) तालिम, सिंचाई, खानेपानी लगायतका पूर्वाधारहरूमा सहयोग, गरिव तथा विपन्न परिवारहरूलाई आयआर्जनमा सहयोग, हानिकारक परम्परागत अभ्यासहरू विरुद्धका विभिन्न गतिविधीहरू लगायत संस्था तथा परियोजनाले गरेका विविध गतिविधिहरूका पारदर्शिता र जवाफदेहिता शुनिश्चितताको लागि सुशासनका विविध कृयाकलापहरू सञ्चालन गरिएको छ ।

**मातृभाषामा आधारित बहुभाषा शिक्षा परियोजना:** रुकुम पूर्व जिल्लाका जनजाति तथा अल्पसंख्यक परिवारका बालबालिकाहरूले मातृभाषामा आधारित बहुभाषा शिक्षामार्फत गुणस्तरीय शिक्षा प्राप्त गर्नु यस परियोजनाको मुख्य उद्देश्य रहेको छ । २०१८ को जनवरीदेखि २०२१ डिसेम्बरसम्म ४ वर्ष सञ्चालित यस परियोजना भूमे तथा पुथाउत्तरगंगा गाउँपालिकाका २५ वटा विद्यालयहरूमा केन्द्रित रहेको थियो । परियोजनाले कोभिड १९ को कारण नियमित क्रियाकलापहरूलाई समिक्षा गरी पुन:योजना गरेको थियो । स्वाअध्यानका सामग्रीहरू प्रकाशन र वितरण, चित्र सहितका सामाग्रीहरू प्रकाशन गरी विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई आफ्नो जिम्मेवारीको बारेमा जानकारी प्रदान गर्ने तथा स्थानीय रेडियोमार्फत जानकारीमुलक सूचनाहरू सम्प्रेषण गर्नुका साथै श्रब्य दृश्य सामग्री मार्फत बैकल्पिक शिक्षाको प्रबर्धन गरिएको थियो ।

**कोभिड-१९ प्रतिकार्य तथा सहयोग:** जिल्लाको ३ वटै पालिकहरूमा कोभिडसँग सुरक्षित रहनको लागि विभिन्न सचेतना मूलक क्रियाकलापहरू जस्तै: रेडियो जिंगल, माइकिंग र प्रहरी, स्वास्थ्य संस्था, विद्यालय लगायतका संघसंस्थाहरूमा स्वास्थ्य सुरक्षाका सामग्रीहरू वितरण, अती विपन्न ४०० घरधुरीलाई खाद्यसामग्रीको वितरण, २५ ओटा बिद्यालयहरूमा बैकल्पिक शिक्षाको लागि सहयोग र स्वास्थ्य संस्थाहरूमा बिविधसामग्रीहरू जस्तै: जेनेरेटर, अक्सिजन सिलिन्डर, एन्टीजिन किट, अक्सिजन कन्सनट्रेटर, ECG मनिटर लगायतका सामग्रीहरू सहयोग गरियो ।

## प्रमुख उपलब्धीहरू

- **२४** स्वास्थ्य संस्थामा सहयोग
- **५८९** आयआर्जन तालिम तथा सहयोग
- **१०५७** शैक्षिक सामग्री सहयोग
- **४००** घरधुरीलाई राहत वितरण
- **१७९** स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि
- **१०८** सुशासन सम्बन्धी तालिम
- **१०** बालविवाह रोकथाम
- **१३३२** स्वास्थ्य तथा सुरक्षा सामग्री सहयोग
- **९९** घरधुरी सिँचाई लाभान्वित
- **२२** अपाङ्गताका लागि सहयोग
- **१०३४०** कोभिड सम्बन्धी जनचेतना
- **३** पानीघट्ट निर्माण




## क्षमता विकासले र सामाजिक परिवर्तन सम्भव छ

– रूपक बुढा मगर

रुकुम पूर्व जिल्लाको पुथा उत्तरगंगा गाउँपालिका १४, राङ्सीका १५ वर्षीय रूपक बुढामगर आफ्ना मामा र काकीसँग बस्छन् । सात वर्षअघि अत्याधिक मदिरा सेवनका कारण उनका आमाबुवाको मृत्यु भएको थियो । रूपक र बहिनीलाई हेरचाह गर्ने कोही थिएन । जीविकोपार्जनको सुरक्षाका लागि उनीहरूसँग न कुनै जग्गा छ न कुनै प्रकारको सम्पत्ति नै । सानै उमेर भएपनि रूपकले आफ्नो र बहिनीको लागि आधारभूत आवश्यकतापूर्तिको लागि काम गर्नुपरेको थियो । दिनभर काम गरेपछि उनी विद्यालय जान पाउदैन थिए । साथै धेरै परिश्रम गर्नुपर्दा एकदिन उनलाई ज्वरो आयो । उनीसँग औषधि किन्न पैसा थिएन किनभने उनको प्राथमिकता आफ्नी बहिनी र आफ्नो लागि खानाको व्यवस्था मात्र थियो । त्यसैले उनीहरूको बाल्यकाल दुःखले भरिएको थियो । रूपककी काकी अर्कै गाउँमा बसेकी थिइन् । उनीहरूको अवस्था थाहा पाएपछि उनले रूपक र बहिनी दुबैलाई लिएर स्कूलमा भर्ना गराइन । तर जन्मदर्ता नभएको भन्दै विद्यालयले भर्ना गर्न अस्वीकार गरेको थियो । उनकी काकीले विद्यालयका प्रधानाध्यापकलाई यो विषय अगाडि बढाउन अनुरोध गरिन । प्रिन्सिपलले उनलाई जन्मदर्ता गराउन सहयोग गरे र उनीहरू दुवै स्कूल जान थाले तर उनका साथीहरूले उनलाई अनाथको रूपमा व्यवहार गरिरहन्थे जसले गर्दा रूपक दुखी थिए । रूपक कक्षा ७ मा पढ्दा बाल क्लब बन्यो त्यसपछि उनी उपाध्यक्षमा निर्वाचित भए । यू.एम.एन.को आर्थिक सहयोगमा नेपाल मगर समाज सेवा तथा सूचना केन्द्रले सक्षम परियोजना अन्तर्गत बालअधिकार र बालसंरक्षण सम्बन्धी प्रशिक्षकहरूको लागि तीन दिने तालिम आयोजना गरेको थियो । रूपकले पनि यो तालिममा सहभागी हुने अवसर पाएका थिए । ती तालिमका दिनहरू सम्झँदै रूपकले भने "प्रशिक्षणमा आउनुअघि मलाई मेरो आफ्नै अधिकारको बारेमा थाहा थिएन । बरु, म गरिब र असहाय महसुस गर्थे । तर तालिमको माध्यमबाट बालअधिकार, बालसंरक्षण, विभिन्न जीवनउपयोगी सीप, सम्मानजनक जीवनको महत्व आदि बारे जान्ने मौका पाएँ । त्यसबेलादेखि मैले अन्य बालक्लबका सदस्यहरू र समुदायका मानिसहरूलाई पनि ती विषयहरूलाई सहजीकरण गर्दै आएको छु । यी कुराहरूले मलाई मेरो आत्मविश्वास विकास गर्न मद्दत गर्‍यो ।" अहिले रूपक पूरै गाउँपालिकास्तरीय बालक्लब सञ्जालको अध्यक्ष हुनुका साथै गाउँपालिका स्तरीय बालअधिकार तथा बालसंरक्षण समितिको सदस्यका रुपमा बालक्लबको प्रतिनिधित्व गर्दै आएका छन् । आफ्नो क्षमता अभिवृद्धि गर्दै भविष्यमा अनाथ, गरिब, असहाय र अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्ने रूपकको इच्छा छ । यस्तो तालिमको आयोजना गर्न र म जस्ता अनाथ बालबालिकालाई सकारात्मकताका साथ अगाडि बढ्न मार्गदर्शन गरेकोमा यू.एम.एन. रुकुम पूर्व क्लस्टर, र मिक नेपाललाई धन्यवाद छ । रूपकले खुसीसाथ भने ।

## गतिविधि


भूकम्प प्रतिरोधी भवन निर्माण तालिमका सहभागी


स्वास्थ्य संस्थामा कोभिड भ्याक्सिन लगिँदै


यू.एम.एन.द्वारा जिल्ला प्रशासन कार्यालयमा स्थापना गरिएका स्तनपान कक्ष


अपाङ्गता उपचार र पुनर्स्थापना

## स्थानीय सरकारसँगको सहकार्य

भूमे गाउँपालिकाले मानसिक स्वास्थ्य समस्याहरूको उपचार र व्यवस्थापनका लागि परियोजनासँग मिलेर काम गर्ने प्रतिवद्धता गर्नुका साथै मानसिक समस्या भएका बिरामीहरूको लागि साइकोट्रोपिक औषधि खरिद गर्नको लागि आर्थिक वर्ष २०७८।७९ मा रु.५००,००० (पाँच लाख) रकम छुट्याएको थियो ।

अपाङ्गता पुनर्स्थापना सहयोग परियोजनामार्फत भूमे गाउँपालिका-२ कात्री निवासी अपाङ्गता भएकी महिला भागी बुढाको पुनर्स्थापनाको लागि परियोजनाबाट रु. १५०,००० बराबरको सहायक सामग्री, पहुँचयुक्त घर पुनर्निर्माण र आयआर्जनको लागि सहयोग गरेको थियो भने गाउँपालिकाको तर्फबाट कम्तिमा १० वर्षसम्मको लागि करिब आधा रोपनी जग्गा उपलब्ध गराइएको थियो ।

लुम्बिनी प्रदेशस्तरीय एकीकृत कृषि तथा पशु सेवा कार्यालय रुकुम पूर्वको समन्वय र पूथा उत्तरगंगा गाउँपालिकाको आर्थिक सहयोगमा सीड परियोजना क्षेत्रका १०० घरधुरी कृषकको माटो परीक्षण गरी माटोको गुणस्तर वृद्धिका साथै सो अनुसारको बालीको पनि सिफारिस गरिएको छ ।

### साझेदार संस्थाहरू

नेपाल मगर सेवा समाज तथा सूचना केन्द्र (मिक नेपाल)

नेपाल जनजागरण मञ्च (एन-प्याफ)

**तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।**

**हामीलाई सुझाव पेटिकामा सुझाव पत्र, ईमेल, कुराकानी वा फोन मध्ये कुनै पनि माध्यमवाट दिन सक्नुहुन्छ ।**

**यू.एम.एन. केन्द्रीय कार्यालय, पोष्ट बक्स नं. १२६, काठमाडौं, १६६००१२८११८, १६६०८८५३००३ (निःशुल्क फोन नं.)**
**९८४७३८७०३०, ९८५७८४४५६६**
**feedback@umn.org.np**
**feedback.rk@umn.org.np**
**www.umn.org.np/feedback**


यू.एम.एन. रुकुम पूर्व क्लस्टर | सिस्ने गाउँपालिका, वडा नं. ५ | बाहुन डाँडा, रुकुमकोट, रुकुम पूर्व
फोन नं. ८८ ५३०१०२ | rukum@umn.org.np | www.umn.org.np